ISSN 2631-2336
© Journal of Education Research and Innovation
Vol.4 No.1 (2024)

# दलियकरणको प्रभावमा शिक्षण पेशाः एक विश्लेषण

**शारदाकुमारी शाही**
**मध्य पश्चिम विश्व विद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेशन**
**Email: shahisarada@gmail.com**

**लेखसारः**

*शिक्षण संस्था भित्र राजनीति दलका भातृ संघ संगठनका कारण शिक्षक वा प्राध्यापकहरू आपसमा विभाजित भएको अवस्थामा शिक्षण पेशा अमर्यादित बनेको छ । शिक्षक र शिक्षण पेशालाई हेयको दृष्टिले हेर्ने अवस्था आएको छ। शिक्षण पेशामा युवाको आकर्षण छैन । यो अवस्था सृजना हुनमा शिक्षण संस्था भित्र दलिय राजनीतिको भूमिका छलफल गर्ने हेतुले यो लेख तयार गरिएको छ। यसका लागि शिक्षण पेशामा संलग्न र शिक्षण पेशालाई नजिकबाट निआलेका व्यक्तिका लेखन कार्यको अध्ययन वा पुनराबलोकन गरिएको छ । साथै लेखक विगत पन्ध्र बर्षदेखि सुर्खेत बहुमुखि क्याम्पस र दश बर्षदेखि मध्य पश्चिम विश्व विद्यालयमा आंशिक प्राध्यापकको रूपमा कार्यरत हुँदा प्रत्यक्ष अवलोकन गरेका घटना र सहभागी भएका गतिविधिलाई समेत अध्ययनको स्रोत बनाइएको छ । विश्वविद्यालय वा क्याम्पसमा विभिन्न दलहरूसँग सम्बन्धित प्राध्यापक संगठनहरू र विद्यार्थी युनियनहरू छन् । प्राध्यापन पेशामा संलग्न आंशिक प्राध्यापक र स्थायी प्राध्यापकले कुनै न कुनै प्राध्यापक संगठनको सदस्यता लिएकै पाइयो । शिक्षण पेशामा संलग्न प्राध्यापकहरूमा कुनै प्राध्यापक संगठनको सदस्यता नलिए वा उनिहरूको सांगठनिक गतिविधिमा भाग नलिए भविष्यमा आउने वृति विकासको अवसरबाट बञ्चित हुनुपर्ने हो कि भन्ने डर भएको पाइयो । व्यक्तिले नचाहँदा नचाहँदै पनि कुनै न कुनै संगठनमा आवद्ध हुनु पर्ने बाध्यताको अवस्था सृजना भएको तथ्य देखियो । सत्ता र शक्तिको नजिक हुने दलसँग आवद्ध संगठनको बढदो प्रभाव हेरेर अवसरका लागि प्राध्यापकहरूले आफ्नो आवद्धता फेरबदल गर्ने गरेको पनि पाइयो । यसरी शिक्षण संस्थामा भएको दलियकरणको अभ्यासले शिक्षण पेशामा संलग्न व्यक्तिमा मनोबैज्ञानिक असर परेको तथ्य अवलत्तकन गर्न सकिन्छ । शिक्षण पेशा दलियकरणको भुमरीमा परेर शिक्षाको गुणस्तरमा प्रत्यक्ष असर पारे पनि सार्वजनिक शिक्षा र शिक्षण संस्था भित्रको दलियकरणको अन्त्य चुनौतिपूर्ण भएको कुरामा सरोकारवाला स्वीकारोक्ती छ ।*

**मुख्य शब्दावलीः** दलियकरण, शिक्षक मर्यादा, शिक्षामा राजनीति

## परिचय

एक ताका शिक्षण पेशा धेरैको पहिलो रोजाई हुन्थ्यो । गाँउ घरमा विद्यालय बाहेक अन्य कुनै कार्यालय देख्न पाइदैनथ्यो । सरकारी तलब पाउने कर्मचारी कोही गाँउमा भेटियो भने त्यो शिक्षक बाहेक अरू विरलै हुन्थ्यो । शिक्षक समाजको एक सम्मानित व्यक्ति थियो । गाँउ घरमा कसैलाई केही राय सल्लाह चाहिएमा शिक्षक वा मास्टरलाई थाहा होला भन्ने चलन थियो । शिक्षण पेशाप्रति धेरैको आकर्षण थियो । मानिस भित्र भएको अज्ञानतालाई हटाएर ज्ञानको ज्योति दिने शिक्षण पेशा धेरै पुरानो पेशा हो । शिक्षकले विद्यार्थीलाई असल कुरा सिकाउँछन भन्ने मान्यता समाजमा स्थापित भएका कारण यो पेशा मर्यादित मानिन्छ (राई, २०७८) ।

प्राचिन कालमा शिक्षकलाई गुरू मानिन्थ्यो । अहिले पनि गुरूलाई ब्रह्मा, विष्णु, महेश्वरको प्रतिक रूपमा सम्मान गर्ने संस्कृति छ । शिक्षकमा ब्रह्माको जस्तो रचनात्मक गुण हुने भएकोले विद्यार्थीको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न मद्दत गर्छन । गुरुले सिकेको कुरा पालन गर्न सिकाउने हुनाले उनलाई जगतका पालनकर्ता विष्णुको रुपमा पनि सम्मान गर्ने परम्परा छ । साथै गुरूले व्यक्तिमा भएका दुर्गुणहरूलाई हटाएर कुबाटोमा लाग्न रोक्ने हुनाले उनलाई महेश्वर वा शंकर भगवानको प्रतिक पनि मानिन्छ (पौडेल, २०७९) । औपचारिक शिक्षण संस्थामा अध्यापन गराउने व्यक्ति शिक्षक हो भने असल बाटोमा हिड्न सिकाउने व्यक्तिलाई गुरू मानिन्छ । जस्तै माता पिताले धेरैकुरा सिकाउने हुनाले उनिहरूलाई पनि गुरू मान्ने चलन छ (बोहोरा, २०७७) । तर हाल यस विपरितका सोच, विचार र व्यवहार देख्न पाइन्छ । हाम्रो समाजमा डाक्टर, इन्जिनियर, पाइलट जस्ता पेशालाई उच्च सम्मानका साथ हेर्ने गरिएको छ भने शिक्षण पेशामाथि हेयको दृष्टि पनि देख्न र सुन्न पाईन्छ । कँही कतै केही काम पाउँन सकिएन भने शिक्षण पेशामा रोजाईमा पर्छ भन्ने भाष्य बनेको छ । राज्यले शिक्षालाई विशेष

महत्व नदिएका कारणले पनि शिक्षण पेशा र शिक्षकप्रति आकर्षण घटेको छ ।

मिलन पाण्डेले शिक्षामा राजनीति होइन, शिक्षाको राजनीति आवश्यक रहेको कुरामा जोड दिएर नागरकि दैनिकमा एउटा लेख प्रकाशित गर्दै सरकारी क्याम्पसमा दलहरुको भाग पुरयाउनु पर्ने बाध्यताका कारण एकजना प्रध्यापक चाहिएको अवस्थामा विज्ञापन आह्वान गर्न नसकिने अवस्था छ । दलअनुसार भाग पुऱ्याउन तीनजनाको आह्वान गर्नुपर्ने अवस्था रहेको कुरा बताएका छन (पाण्डे, २०७८) । एउटा सक्षम युवाले कुनै शिक्षण संस्थामा काम गर्न चाहेमा पार्टीको सिफारिस ल्याएर आउनु पर्ने चलन चलेको छ । शिक्षण संस्थामा पार्टीको सिफारिसविना जागिर खान सकिदैन मानसिकता बनेको अवस्था छ । व्यक्तिको योग्यता, क्षमताभन्दा अगाडि पार्टीको सिफारिस बुझाउनुपर्ने कुरा एका अनिवार्य शर्त जस्तै बनेको छ । फलस्वरूप, अब पढेर मात्र केही हुदैन, दलमा लागेर मान्छे चिन्नुपर्छ, भनसुन गनुपर्छ भन्ने मानसिकता व्यापक भएर गएको अवस्था छ (पाण्डे, २०७८) । शिक्षण संस्थाहरू राजनीति दलका कार्यकर्ता उत्पादन केन्द्र बनेको अवस्थामा शिक्षण पेशामा परेको प्रभाव बारे छलफल गर्ने अभिप्रायले यो अध्ययन गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य मध्य पश्चिम विश्वविद्यालयमा प्राध्यापन पेशामा संलग्न प्राध्यापकको शिक्षण संस्थामा हुने दलगत राजनीतिबाट निर्देशित गतिविधि प्रतिको दृष्टिकोण, पेशामा संलग्न हुँदाका भोगाई तथा शिक्षाको गुणस्तरबारे उनिहरुको धारणामा छलफल गर्ने हो ।

## अध्ययन विधि

शिक्षक वा गुरू सम्बन्धि गौरवपूर्ण संस्कृति भएको हाम्रो समाजमा शिक्षण पेशालाई हेयको दृष्टिले हेर्नुपर्ने अवस्था किन आयो? त्यसको पछाडिको मुख्य कारण के होला? शिक्षण संस्थामा भैरहेको दलगत राजनीतिको प्रभाव बारे चर्चा गर्ने अभिप्रायले यो लेख तयार पारिएको छ । यसका लागि शिक्षण पेशामा संलग्न र शिक्षण पेशालाई नजिकबाट निआलेका व्यक्तिका लेखन कार्यको अध्ययन वा द्वीतिय स्रोतको पुनरावलोकन गरिएको छ । यो अध्ययनका लागि आवश्यक तथ्य संकलनका लागि मध्य पश्चिम विश्व विद्यालयमा अध्यापन गर्ने दुईजना पूर्णकालीन, तिन जना आंशिक शिक्षक, दुई जना नीजि स्कूलमा लगानी गरेका र त्यहाँ पनि अध्यापन गर्ने शिक्षक गरी जम्मा सात जनासँग अन्तरबार्ता गरिएको थियो । उक्त अन्तरबार्ताका क्रममा शिक्षण पेशाको मर्यादा र शिक्षाको गुणस्तर सम्बन्धि छलफल गर्नुका साथै शिक्षण संस्थामा हुने दलिय राजनीतिक कृयाकलापको के कस्तो प्रभाव परेको छ भन्ने बारेमा विस्तृत सोधखोज गरिएको थियो ।

साथै लेखक विगत पन्ध्र बर्षदेखि सुर्खेत बहुमुखि क्याम्पस र दश बर्ष देखि मध्य पश्चिम विश्व विद्यालयमा आंशिक प्राध्यापकको रूपमा कार्यरत हुँदा स्वयंले प्रत्यक्ष अवलोकन गरेका कुरा र सहभागी भएका गतिविधिलाई समेत अध्ययनको स्रोत बनाइएको छ । खासगरी शिक्षण पेशामा दलिय राजनीतिको अभ्यास र त्यसले शिक्षाको गुणस्तर र शिक्षण पेशामा पारेको प्रभाव विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## पुर्वकार्यहरुको पुनरावलोकन

शिक्षण संस्थामा दलिय राजनीतिको उद्‌भव र विकासक्रम हेर्दा वि.स. २०४६ सालमा बहुदलिय व्यवस्थाको पुर्नस्थापना भए सँगै नेपालमा शिक्षकहरू खुल्ला रुपमा आफ्नो हक अधिकारको वकालत गर्न विभिन्न संघ संगठनमा आवद्ध भएको देखिन्छ । यस सन्दर्भमा शिक्षकले राजनीतिक परिवर्तनमा आफ्नो भूमिकाको वकालत गर्न थाले । प्रजातान्त्रिक आन्दोलन र सामाजिक रूपान्तरणलाई मार्गनिर्देश गर्न शिक्षकहरू सधै अग्रभागमा रहेका कुरा स्थापित गर्न उनिहरुले संगठित रूपमा आवाज उठाए (घले, २०८१) । यसैगरी विद्यार्थीहरूले पनि संगठित भएर राजनीतिक परिवर्तनमा आफ्नो भूमिका महत्वपूर्ण रहेको कुरा उठाए । उनिहरू राजनीतिक आन्दोलनमा भएको योगदानको चर्चामा मात्र सिमित नभई पेशागत हक हितका लागि निरन्तर लागि रहने प्रतिबद्धताका साथ संगठित भएर अघि बढे । समय क्रममा उनिहरू पेशागत संगठन भन्दा पनि राजनीतिक दलको भातृसंस्थाको रूपमा विकसित भएर अगाडि आए ।

पञ्चायत कालमा नेपाल राष्ट्रिय शिक्षक संगठन नामको पेशागत हक हितका लागि बनेको शिक्षकहरूको ट्रेड युनियन संस्था थियो । पञ्चायत ढलेर बहुदल आएपछि २०४७ सालमा सो ट्रेड युनियन संस्थामा रहेका नेपाली कांग्रेस निकट शिक्षकहरू अलग्गिएर नेपाल शिक्षक संघ बनाए । पहिलेको ट्रेड युनियन वामपन्थीहरुमात्रको संगठन भयो । केही समयपछि त्यहाँबाट नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) र मधेशवादी निकट शिक्षकहरू पनि अलग भए (मिश्र, २०७१) । शिक्षक आफ्नो बढुवाका साथै दुर्गम देखि सुगम क्षेत्रमा

सरुवा हुन पाइन्छ कि भनेर पार्टिको समर्थक मात्र नभइ कार्यकर्ता हुन तयार देखिन्छन (घले, २०८१) । यसले राजनीतिक दल र तिनका भातृ संगठनको निर्णय प्रक्रियामा कति प्रभाव परेको छ भन्ने कुराको संकेत गर्छ । तर कुनै पनि दलसँग सम्बन्धित शिक्षक संगठनले शिक्षाको सवाललाई केन्द्रविन्दुमा राखेर बहस गरेको देखिदैन । यि संगठनहरू राजनीतिक दलहरूका एजेन्सी मात्र भएका छन् भन्दै मिश्र (२०७१) ले बताएका छन:

> "यहाँ त परम्परागत ट्रेड युनियनमा जस्तै जागिर कसरी बचाउने भनेर मात्र सोच विचार गर्ने गरिन्छ । उनीहरू आफ्नो राजनीतिक वा दलीय स्वार्थ पूर्ति गर्न जे जस्ता हर्कत पनि गर्न पछि पर्दैनन् । तर कलिला बालबालिकाको वर्तमान र भविष्य दुवैको निर्माण गर्ने महान् जिम्मेवारी चाहि इमान्दारी र कर्तव्यनिष्ठ भएर पूरा गर्ने सवालमा सिन्को समेत भाँच्न तयार छैनन् । यसले उनीहरूको चिन्तनको स्तर, सोच्ने तरीका र प्राथमिकतालाई मात्र उजागर गर्दैन, उनीहरू के कुरामा रमाउँछन् भन्ने कुरा पनि छर्लङ्ग पार्छ" (मिश्र, २०७१) ।

शिक्षण संस्थाहरूमा शिक्षक मात्र होइन त्यहाँका विद्यार्थी र कार्यरत कर्मचारीहरू पनि विभिन्न दलका भातृ संगठनमा संगठित भएका छन । विद्यार्थीहरू यि पार्टीका भातृ संगठनका व्यानरमा खुल्ला राजनीतिमा क्रियाशिल छन । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन, नेपाल विद्यार्थी संघ, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी), नेपाल क्रान्तिकारी विद्यार्थी संघ जस्ता संगठनहरू मध्य पशिचम विश्व विद्यालयमा राजनीतिक दलका भातृ संगठनको रूपमा क्रियाशिल छन् । राजनीतिक दलहरूले विद्यार्थी संगठनलाई आफ्नो नर्सरीको रूपमा लिने गरेका छन् ।

राष्ट्रिय राजनीतिमा बेला बखत घटने विभिन्न घटनामा आफ्नो राजनीतिक दलको धारणा र पक्षधरतामा यि विद्यार्थी संगठन र प्राध्यापक संगठनहरू सँधै एकेबद्धता जनाउँछन । आवश्यक परे उनिहरू शैक्षिक संस्था बन्द गर्न तालाबन्दी र नेपाल बन्द जस्ता आम हडतालमा प्रत्यक्ष सहभागि हुन्छन । दलका विभिन्न भातृ संगठन विचमा सहयोग र सहकार्य गरेर शैक्षिक प्रशासन तथा गतिविधिलाई प्रभावमा राख्ने प्रयासहरू पनि भएको देख्न सकिन्छ । शैक्षिक संस्थाहरूमा पूर्वाग्रह र विभाजित मानसिकताले शिक्षा प्रणालीको अखण्डतालाई कायम राख्न सकिदैन साथै व्यक्तिगत विश्वास र व्यावसायिक जिम्मेवारीबिच सन्तुलन कायम राख्न चुनौती सृजना गर्छ (घले, २०८१) ।

नेपालका विद्यालय र विश्वविद्यालयमा लामो समयदेखि शिक्षक र प्राध्यापकहरू राजनीतिमा प्रत्यक्ष संलग्न हुदै आएका छन् । शिक्षा ऐन, २०२८ को दफा १६ ङ (५) (छ) मा शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य हुन नपाउने व्यवस्था गरेको छ । यस नियमको व्याख्या राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य मात्र हुन नपाउने हो तर कुनै पनि राजनीति दलको साधारण सदस्य हुन यस नियमले बाधा नपुरयाउने व्याख्या गर्ने गरिएको छ । राजनीतिक दलसम्बन्धि ऐनमा भने सरकारी शिक्षक र कर्मचारी राजनीति दलको सदस्य हुन नपाउने व्यवस्था छ (घले, २०८१) । तर पनि व्यवहारमा शैक्षिक संस्थाहरू राजनीति दलका भर्ती केन्द्र भएका छन । सत्तामा कुनै दलको एकल बहुमत नभएको अवस्थामा शैक्षिक संस्थाहरूमा सत्ता समिकरणमा हुने दलहरूले भागबण्डाका आधारमा शिक्षक, कर्मचारी वा प्राध्यापक नियुक्त गर्ने प्रचलन छ । विश्व विद्यालयको उप-कुलपति जस्तो गरीमामय पदमा नियुक्त हुने व्यक्तिको पनि राजनीतितक दलसँगको निकटता वा आबद्धता आम चासोको विषय बन्ने गरेको पाईन्छ । उप-कुलपति हुने व्यक्तिको राजनीतिक निकटताको आधारमा सम्बन्धित प्राध्यापक संघ वा संगठनले विश्व विद्यालयमा आफ्ना गतिविधि र धारणा तय गर्ने प्रचलन छ । साथै सम्बन्धित विद्यार्थी संघ वा संगठनको धारणा पनि त्यसरी नै तय हुन्छ । त्यसैले उपकुलपति, रजिष्टार, विश्व विद्यालय सेवा आयोग तथा विभागिय डिनमा नियुक्त हुने व्यक्ति कुन राजनीतितक दलसँग निकट वा आबद्ध छन भन्ने कुरा विश्व विद्यालयका प्राध्यापक र विद्यार्थी संगठनलाई राम्ररी थाहा हुन्छ । उनिहरूले त्यस्ता व्यक्तिको बायोग्राफी बारे जानकारी लिन आवश्यक सबै प्रयत्न गर्छन । पक्षधरताको आधारमा सहयोग वा असयोग के गर्ने हो त्यो निर्क्योल हुन्छ ।

माननीय सुमना श्रेष्ठ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रहेको बेला २०८१ वैशाख ४ गते मन्त्रालयले दलमा आबद्ध सामुदायिक विद्यालयका शिक्षकलाई कारबाही गर्ने निर्णय गरेको छ । तर शिक्षकहरूको संगठनले राजनीति गर्न पाउनुपर्ने जिकिर गर्दै उक्त निर्णयलाई चुनौती दिएका छन् । ट्रेड युनियन अधिकारमा लागेकै भरमा कारबाही गरे मन्त्रीको कुर्सी नै उडाउन सक्ने अधिकार शिक्षकमा रहेको भन्ने उनीहरूको चेतावनी सञ्चार

माध्याममा सार्वजनिक भएको थियो । नभन्दै सुमना श्रेष्ठ सम्मिलित सरकार पनि ढल्यो । यद्यपी सो निर्णय भने सरकार ढल्ने मुल कारण नहोला । तर एउटा शिक्षकले उ आबद्ध संगठनको बलमा शिक्षा मन्त्री र शिक्षा मन्त्रालय विरूद्धको चेतावनीले शैक्षिक संरचना भित्रको समस्यालाई स्पष्ट रूपमा उजागर मात्र गरेको छैन । शैक्षिक क्षेत्र भित्रको अराजक प्रबृति छताछुल्ल भएको छ । आज भन्दा बाह्र वर्ष पहिले भारतको मुम्बई उच्च अदालतले शिक्षालाई दलीय राजनीतिबाट टाढा राख्नु पर्ने फैसला गरेको थियो । उक्त फैसलासँगै अदालतले एक शिक्षकलाई राजनीतिक दलसँग आवद्ध भएको आरोपमा निलम्बन समेत गरेको उदाहरण छ । यसबाट पाठ सिकेर नेपालमा पनि शैक्षिक संस्था भित्र भएका अराजक र उत्श्रृङखल क्रियाकलाप नियन्त्रण गर्न जरूरी भैसकेको छ । अन्यथा शिक्षा क्षेत्र तहस नहस भएर जान्छ ।

नेपालमा वर्षको कम्तिमा २२० दिन विद्यालय खुल्नुपर्ने प्रावधान भएपनि बन्द, हड्ताल, जुलुसका कारणले विद्यालय त्यति दिन सञ्चालन हुन सकेका छैनन् । पाठ्यक्रमले निर्धारण गरेको समयावधि अनुसार अध्ययन अध्यापन नभएका कारण शिक्षाको गुणस्तर खस्कदै गएको अवस्था छ । शिक्षक र कर्मचारीलाई उनीहरुको पेशागत दक्षता र विवेक भन्दा पनि राजनीतिक आस्थाको आधारमा मूल्याङ्कन गरिनुका कारण बालबालिका गुणस्तरीय शिक्षा पाउनबाट विमुख भएका छन् । यस्तो अवस्थामा नेपालले पनि शिक्षण संस्था भित्रको दलियकरणको अभ्यासलाई निस्तेज गर्न कदम चाल्न ढीलो भैसकेको छ ।

शिक्षण संस्थाहरूमा दलियकरण चरम अवस्था पुगेको छ । राजनीतिक दलका भातृ संगठनका गतिविधिहरूका कारण शिक्षकहरूमा असुरक्षा महसुस भएको छ । शिक्षकहरूमाथि हातपात गर्ने अपशब्द प्रयोग गर्ने घटनाहरू बढदै गएको देखिन्छ । त्यति मात्र होईन राज्यका तर्फबाट पनि शिक्षकहरू अपहेलित भएका छन । शिक्षकको अगाडि राहत शब्द जोडेर सम्बोधन गर्ने गरिएको छ । शिक्षकलाई “राहत शिक्षक” भनेर सम्बोधन गरिनु आश्चर्य र लज्जाको विषय हो (लामिछाने, २०७५) । प्राकृतिक प्रकोप पीडितलाई सान्त्वना दिने राहत (नगद वा जिन्सी) जस्तो वस्तुको रूपमा विद्यालयमा अध्यापन गराउने शिक्षकलाई लिइनु साँचिकै घोर अपमान हो । २०७७ चैत्र ११ गते बुधवार बागमती अनलाईनमा प्रकाशित लेखमा उल्लेख भएअनुसार हाल देशभर ३८ हजार ३७८ राहत शिक्षक रहेको देखिन्छ । २०५६ सालदेखि २०६९ साल सम्म शिक्षक पदपूर्ति गर्न बनेको शिक्षक आयोग सक्रिय नभएको अवस्थामा राहात अनुदानको अवधारणा आएको थियो । त्यसपछि राजनीतिक पहुँच र चिनजानका आधारमा शिक्षक नियुक्त गर्ने कामले निरन्तरता पायो । सामूदायिक विद्यालयमा शिक्षकलाई अपमानित गर्ने यो अभ्यासलाई शैक्षिक क्षेत्र भित्र मौलाएको विसंगति र विकृतिको एक थप कडि मान्न सकिन्छ ।

यसैगरी देशभर झन्डै दुई हजार जना आंशिक प्राध्यापकले एक दसकदेखि आठ हजार रुपैयाँमा ज्यालादारी काम गरिरहेका छन (राई, २०७८) । केही आंशिक प्राध्यापकले १५ बर्षदेखि निरन्तर काम गरेपनि उनिहरूलाई करारमा लिनेकाम भएको छैन । बराबर काम गर्दा एक जना स्थायी प्राध्यापकले मासिक ४३ हजार तलब पाउँछन् भने अर्कोले मासिक आठ हजार रुपैयाँमा चित्त बुझाउनु परेको छ (रावत, २०७७) । यसमा पनि राजनीतिक पहुँचको व्यापक दुरूपयोग हुने गरेको छ । शैक्षिक संस्थाहरू राजनितिक दलका कार्यकर्ता भर्ती केन्द्र जस्ता भएका छन । शिक्षाको गुणस्तर बारे आमरूपमा प्रश्न उठेपनि यसमा सुधारका संकेत देखिएका छैनन । शिक्षक भर्ना गर्दा पनि राजनीतिक भागवण्डाका आधारमा गरिन्छ । जसले गर्दा आफ्ना मान्छे भित्रिन्छन भने योग्यता र क्षमता भएका मान्छे बाहिरिने वातावरण बनेको छ । फलस्वरुप पछिल्ला दिनहरुमा शिक्षाको गुणस्तर खस्केको देखिन्छ ।

शिक्षामा दलिय राजनीतिको हस्तक्षेप छ । शिक्षाको विकास र विस्तार गर्ने क्रममा कतिपय अवस्थामा राजनीतिक गतिविधिहरु साधक नभएर वाधक बनेको छन । राजनीतिक हस्तक्षेपका कारण शैक्षिक गतिविधि राम्रोसँग संचालन हुन पाएका छैनन । शिक्षकहरुले विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुको सट्टा आन्दोलनमा रमाउने प्रवृत्ति छ । जसले गर्दा शैक्षिक गुणस्तर कम हुदै गएको छ । शिक्षकहरुलाई पेशागत दक्षता र विवेक भन्दा पनि राजनीति आस्थाको आधारमा मूल्याङकन गरिनुका कारण बालबालिकाहरु वा विद्यार्थीले गुण्स्तरिय शिक्षा पाउन बाट वञ्चित हुनुपरेको छ । बन्द, हड्ताल, जुलुसको मूख्य तारो विद्यालय वा क्याम्पस हुने गरेको छन ।

यि माथि उल्लेखित तथ्यहरूले के देखाउँछन भने २०४६ सालमा प्रजातन्त्र वा बहुदलिय व्यवस्था पुर्नस्थापना पश्चात शैक्षिक संस्थामा दलको प्रभाव बढने, शिक्षकहरू राजनीतिक पुर्वाग्रहको शिकार बन्ने घटनाहरू बढदै गए ।

राजनीतिक पुर्वाग्रहका आधारमा शिक्षकलाई उनिहरूको घर भन्दा धेरै टाढाको स्कूलमा स्थानान्तरण गरेर हिनताबोध गराउने काम पनि भयो । शिक्षण संस्था भित्र दलियकरणको अभ्यास, शिक्षण पेशा अमर्यादित बन्दै जाने र सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कदै जाने कुराको श्रृङखला सँगसँगै अघि बढेको देखिन्छ । शिक्षामा राजनीतिका नाममा दलियकरणको अभ्यासले सार्वजनिक शिक्षालाई तहसनहस गरिसके पनि सम्बन्धित सरोकारवालको एथेष्ठ ध्यान जान सकेन । शिक्षामा स्वार्थको राजनीति गर्ने प्रवृत्तिलाई निरुत्साहित गनु आजको आवश्कता हो । शिक्षामा दलगत स्वार्थ केन्द्रित राजनीति गर्ने, शैक्षिक वातावरण खल्बलाउने नियत भएका जोकोहीलाई नियम र कानूनको दायरामा ल्याउन जरुरी छ । शिक्षामा दलियकरण र शिक्षामा राजनीति वा शिक्षाको राजनीति फरक कुरा हुन । वर्तमान समयमा देशमा एक कुशल, सभ्य र जिम्मेवार असल नागरिक बन्नेतर्फ प्रेरित गर्नेखालको शिक्षाको टडकारो आवश्यकता छ । यो पूरा गर्ने अभिभारा पनि राज्य वा राजनीतिको नै हो (भट्ट, २०७९) । शिक्षण संस्थामा दलियकरण भन्दा पनि शिक्षाको राजनीति अहिलेको आवश्यकता हो । समाजको बृहत् हितको लागि समानता, न्याय, विवेक र स्वतन्त्रताको पक्षपोषण गर्ने राजनीति देशलाई चाहिएको छ भन्दै मिश्र (२०७१) ले भनेका छन:

"शिक्षालय त्यस्तो हुनुपर्दछ ।, जसले त्यहाँ शिक्षा लिन आउने हरेक व्यक्तिको सर्वाङ्गीण विकास गराओस्, सत्यको निकट पुग्न प्रेरित गरोस्, सहअस्तित्वमा बाँच्न र संघर्ष गर्न सिकाओस्, समाजमा प्रतिस्पर्धा गरेर गरिखाने सीप देओस् असल बानीव्यहोरा र प्रकृतिमुखी मूल्यमान्यताको विकास गराओस" (मिश्र, २०७१) ।

वि.सं. २०७९ साल पौष २६ मा प्रकाशित शिक्षक मासिकमा शिक्षाविद विद्यानाथ कोइरालाले हामी कहाँ शिक्षक तयार पार्ने सञ्जाल वा संयन्त्र आवश्यकता रहेको कुरा अघि सारेका छन । उनले राम्रा र दक्ष शिक्षक तयार पार्न हामी सबैले अन्तरदलीय चिन्तन चाहिएको कुरामा जोड दिएका छन । नेपालमा विगत ३० बर्षको अवधिमा शिक्षालाई जागिर खाने क्षेत्र मात्र बनाईयो । शिक्षा भनेको समाज बनाउने कुरा हो भन्ने सोच स्थापित भएन । हामीले साँच्चिकै मिलनसार समाज बनाउँछौं भनेका छौं । तर नेपालका राजनीतिक दलहरूले त्यस दिशामा एक रत्ति काम गरेनन् भन्ने कुरा शिक्षाविद मन प्रसाद वाग्लेले बताएका छन (शिक्षक मासिक, २०७९) ।

## नतिजा विश्लेषण र छलफल

सार्वजनिक क्याप्सहरुमा राजनीतिक दलका भातृ संस्थाको रुपमा प्राध्यापक संघ संगठन हुनु सामान्य विषय भैसकेको छ । मध्य पश्चिम विश्व विद्यालय भित्र हेर्ने हो भने त्यहाँ अध्यापन गर्ने प्राध्यापकहरू ४ वटा राजनीतिक दलका भातृ संगठनमा विभाजित भएको पाइयो । खासगरी प्रगतिशिल प्राध्यापक संगठन, प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल राष्ट्रिय प्राध्यापक संगठन, एकिकृत प्रगतिशिल प्राध्यापक संगठनहरू क्रियाशिल भएको देखिन्छन् । तिनिहरु नेपाल कम्यूनिष्ट पार्टी (एमाले), नेपाली काँग्रेस, नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्यूनिष्ट पार्टी (एकिकृत समाजवादी) दलका भातृ संगठन हुन । उक्त विश्व विद्यालयमा अध्यापन गर्ने प्राध्यापकहरु मुलतः यी माथि उल्लेखित संगठित वा विभाजित छन् । यस अध्ययनका क्रममा प्राध्यापकहरु कुनै न कुनै संघ वा संगठनमा आबद्ध भएकै देखियो । को कुन संगठनको निकट छ भन्ने पनि एक अर्कालाई सामान्यतया थाहा हुने गरेको पाइयो । एक अर्कोबीचको हार्दिकता पनि आफु संगठित संगठनमा आबद्ध प्राध्यापकहरुका बीचमा बढी पाइयो ।

सार्वजनिक क्याम्पसमा अध्ययन अध्यापन हुने पाठ्यक्रम अनुसरण गर्ने उल्लेख्य निजि क्याम्पसमा भने राजनीतिक दलका भातृ संस्थाको रुपमा क्रियाशिल प्राध्यापक संघ संगठन देखिदैनन् । । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७९) का अनुसार देशभर अहिले निजी तथा सामुदायिक गरी ३४ हजार ३६८ विद्यालय रहेका छन जसमा २६ हजार ४५४ (७७%) सामुदायिक विद्यालय, ६ हजार ७६० (२०%) संस्थागत विद्यालय र १ हजार १५४ (३%) धार्मिक विद्यालय रहेका छन । त्यसैगरी तलको तालिकामा उल्लेख भएअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रतिवेदनल देखाए अनुसार जम्मा २० प्रतिशत विद्यालय संख्याको भार ओघटने नीजि वा संस्थागत विद्यालमा जम्मा ३१ प्रतिशत विद्यार्थी रहेको देखाएको छ ।

तालिका १ सामुदायिक र संस्थागत विद्यालयमा भएको विद्यार्थी संख्या

| तह | जम्मा | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| बाल विकस | ११०५५६१ | ५५५०७५ | ५० | ५५०४८६ | ५० |
| आधारभूत (१-८) | ५३१९००४ | ३८०६६३९ | ७२ | १५१२३६५ | २८ |

| तह | जम्मा | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| माध्यामिक (९-१२) | १७०२६१८ | १२२१४४४ | ७२ | ४८११७४ | २८ |
| जम्मा | ८१२७१८३ | ५५८३१५८ | ६९ | २५४४०२५ | ३१ |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

ज्ञवाली (२०८०) का अनुसार पछिल्लो दस वर्षको एसईई परीक्षामा सामुदायिक विद्यालयबाट करिव तिस प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएको देखिन्छ जबकि नीजि विद्यालयमा ९० प्रतिशतको हाराहारीमा उत्तीर्ण भएका छन । २०७९ को एम.बी.बी.एस. अध्ययन छात्रवृत्ति छनौट परीक्षामा १०८ जना परीक्षार्थी उत्तीर्ण भएका थिए जसमध्ये १०१ जना निजी विद्यालयका अध्ययन गरेका विद्यार्थी हुन भने बाँकी ७ जना विद्यार्थीले पनि कक्षा सातसम्म निजी विद्यालयमै अध्ययन गरेर सामुदायिक विद्यालयमा गंइ अध्ययन गरेको पाइएको छ (ज्ञवाली, २०८०) । उक्त परिक्षामा सार्वजनिक विद्यालयमा पढेका विद्यार्थीको पनि उल्लेखनीय सहभागिता थियो । यो तथ्यले सार्वजनिक विद्यालय शिक्षाको गुणस्तरमा प्रश्न गर्छ । नीजि विद्यालयमा देखिएको विद्यार्थी चाप, एसईई परीक्षामा उत्तीर्ण भएका विद्यार्थीको प्रतिशतले सार्वजनिक शिक्षालयहरूको विश्वसनीयता दिन प्रतिदिन घटदै गएको छ भन्ने तर्कलाई बल पुर्‍याएको छ । यसरी सामूदायिक विद्यालयको साख गिर्दै जाने निजि विद्यालय प्रतिको आकर्षण बढदै अवस्था आएको छ । विश्व विद्यालयमा अध्यापन गर्ने प्राध्यापकको लगानीमा नीजि क्याम्पस र स्कूल सञ्चालन भएका छन् ।

सार्वजनिका विद्यालयमा वर्षभरी कम्तिमा २२० दिन खुल्नु पर्ने प्रावधान भएपनि नियमित जस्तै देखिने बन्द, हड्ताल, जुलुसका कारण ९० दिन भन्दा बढी नहुने अवस्था बनेको छ (कार्की, २०७७) । उक्त अधिकांश बन्द, हड्ताल, र जुलुस राजनीति दलका भातृ संस्थाहरुबाट भएको पाइयो । तर नीजि क्याम्पस र स्कूलमा राजनीति दलका भातृ संगठनहरु छैनन, त्यँहा राजनीतिक गतिविधिहरु निषेध छ । त्यहाँ नियमित कक्षा मात्र होइन अतिरिक्त कक्षाहरुको समेत व्यवस्था गरेको देखियो । यसरी शैक्षिक संस्थाहरुमा हुनपर्ने न्यूनतम कक्षाहरु पनि हुन नसक्नुका पछाडी शिक्षण संस्था भित्र हुने राजनीतिक गतिविधिको हात भएको पाइयो । सार्वजनिक विद्यालय र क्याम्पसहरूमा शिक्षाको गुणस्तरमा प्रश्न उठनुको कारण यो पनि एक हो ।

यस अध्ययनका क्रममा लिइएको अन्तरवार्ताका उत्तरदाताले शिक्षकको पेशागत दक्षता र विवेक भन्दा पनि राजनीतिक आस्थाको आधारमा मूल्याङकन हुने भएका कारण शिक्षण पेशा प्रति आकर्षण घटेको कुरा बताइएका छन् । सार्वजनिक विद्यालय र क्याम्पसमा शिक्षक खाली हुँदा शिक्षक राख्न पाउदैन । तर निजी विद्यालय र क्याम्पसले भने सहजै राख्न सक्छन् । निजि विद्यालयमा दलियकरणको प्रभाव नभएका कारण त्यहाँको प्रशासनले स्वतन्त्र रुपमा काम गर्न सक्छ । तर सार्वजनिक शिक्षण संस्थामा त्यो अवस्था देखिएन । अन्य पेशामा प्रवेश नपाएपछि मात्र शिक्षक हुने आम प्रचलनले गर्दा शिक्षण पेशामा कमसल योग्यता भएका व्यक्तिहरूको बाहुल्यता छ । प्राज्ञिक क्षमता कमजोर हुँदा शिक्षक राजनीति गतिविधिमा संलग्न भएर नियुक्ति तथा सरुवामा दलीय सहजीकरण वा सहयोग खोज्न बाध्य हुन्छ । यसकारण शिक्षण संस्थामा राजनीतिकरण बढि हावी हुनु पुगेको मत राख्नेहरूको पनि कमि छैन् । यसको अर्थ शिक्षा क्षेत्रमा दक्ष व्यक्ति नै छैनन भन्ने होइन (पन्त, २०८१) । दक्ष व्यक्तिहरू आफ्नो योग्यता र क्षमतामा विश्वास गर्ने हुनलाले उनिहरू दलहरूको अन्धभक्त भएर हिडदैनन । तर बहुसंख्यक शिक्षक, प्राध्यापक र कर्मचारीहरू दलियकरणको छातामा भएकोले प्राज्ञिक व्यक्तिहरू छायामा परेको कुरा तितो यथार्थ हो । यो अध्ययनको क्रममा यो तथ्य फेला परेको छ ।

यसरी एकातिर योग्यता र क्षमतामा भएका व्यक्ति शिक्षण पेशामा आउन नचाहने र अर्कोतर्फ २०५६ सालदेखि २०६९ साल सम्म शिक्षक पदपूर्ति गर्न बनेको शिक्षक आयोग निष्कृय रहेको अवस्थामा राहत अनुदानको अवधारणा आयो । त्यस अन्तरगत भर्ना भएका शिक्षकलाई राहत शिक्षक भन्न थालियो । काम अन्य शिक्षक सरह गर्ने भए पनि राहत शिक्षकलाइ दरबन्दीमा भर्ना हुने शिक्षक भन्दा तल्लो स्तरको पदको रूपमा बुझ्ने र व्यवहार गरेको पाइयो । समय क्रममा यो राहत शिक्षकको अवधारणा राजनीतिक पहुँच र चिनजानका आधारमा शिक्षक नियुक्त गर्ने हतियार बनेको देखियो । राहत शिक्षक भनिने हुनाले एकातिर सम्बन्धित शिक्षकलाई जागिरको सुनिश्चितता छैन भने अर्को तिर सम्मान पनि छैन । राजनीतिक पहुँचका आधारमा भर्ना भएका शिक्षकले कतिपय स्थानमा शिक्षण कार्य भन्दा पनि दलिय राजनीतिक

गतिविधिमा बढी संलग्न हुने गरेको यो अध्ययनले देखाएको छ । त्यसले गर्दा आम शिक्षक प्रतिकै धारणा नकरात्मक बन्ने वातावरण बन्ने चुनौति छ ।

यस अध्ययनका क्रममा पेसागत कुरा हुँदा स्वयं शिक्षकले अरू जे गरे पनि शिक्षक नहुनु परोस आफु त के दिनमा शिक्षण पेशामा लागिएछ, जिन्दगी बर्बाद भयो भन्ने जस्ता निशारावादी भाव व्यक्त गरेको पाइयो । भीमप्रसाद सापकोटा (एक शिक्षक)ले वि.सं. २०७६ सालमा नागरिक दैनिकमा प्रकाशन गरेका एउटा लेखमा आफ्नै साथीहरूबाट तपाईं आइएलटिएस गरेर राम्रो देश नगएर किन यो शिक्षण पेशामा भुलेको? लोकसेवातिर लाग्नु पर्ने मान्छे किन यता शिक्षण पेशामा आएको भन्ने प्रश्न बारम्बार सुनेको कुरा बताएका छन (सापकोटा, २०७६) । यस तथ्यले शिक्षण पेशा मर्यादिन नभएको र दक्ष व्यक्तिहरु शिक्षण बाहेकको पेशामा जानुपर्ने भाष्य निर्माण हुँदै गएको संकेत गर्छ । यो सार्वजनिक शिक्षाको चुनौति हो । राजनीतिका नाममा शिक्षण संस्था भित्र हुने अवाञ्छित गतिविधि यसको कारक हो ।

विद्यमान शिक्षा सम्बन्धि नीति नियमका कारण पनि शिक्षक र शिक्षण पेशा अपमानित छ । एउटै शिक्षालयमा विभिन्न थरीका शिक्षकहरू नियुक्त भएका छन । उनिहरूले पाउने सेवा सुविधा पनि फरक फरक छ । सरकारी नियम अनुसार नियुक्ति पाएका कसैले पोसाक भत्ता पाँउछन । कसैले पाँउदैनन । वाल विकास शिक्षकको न्यून पारिश्रमिक हेर्दा र राज्यले अन्य कर्मचारीलाई प्रदान गर्ने घर बिदा, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, प्रोत्साहन भत्ता जस्ता सेवा सुविधामा शिक्षकलाई गरेको विभेद हेर्दा जो सुकै पनि शिक्षण पेशा भन्दा अरू जुनसुकै पेशा ठिक भन्ने निष्कर्षमा पुग्छ (सापकोटा, २०७६) । राहत शिक्षकमा आफ्ना कार्यकर्ता भर्ती गरेको हेर्दा राजनीतिक दलहरुले सचेततापूर्वक नै शिक्षक दरबन्दी नदिएको हो कि जस्तो देखिन्छ । सामुदायिक विद्यालय बदनाम गराएर नीजि विद्यालयलाई उकास्न खोजेको त होइन भन्ने प्रश्न उठेको छ । केही शिक्षकहरुको दोहोरो संलग्नताले यो आशंकालाई झनै बल पुरयाएको छ भन्ने मत पनि यस अध्ययनका क्रममा देखिएको छ ।

**एक आंशिक प्रध्यापकले अनुभव**

विश्वविद्यालय वा क्याम्पसमा आंशिक प्रध्यापकलाई हेयको दृष्टिले हेरिन्छ । यहाँ आंशिक प्रध्यापक विचार, बुद्धि, विवेकमा पनि आंशिकै हुन्छन भन्ने सोचिन्छ । आंशिक प्रध्यापक वा आंशिक शिक्षकलाई कम महत्व दिइए पनि हाम्रो पूर्णकालिन प्रध्यापक भन्दा कम योगदान छैन । अध्यापन, अनुसन्धान, परीक्षा, अतिरक्त क्रियाकलाप जस्ता सबै काममा  सहभागि भएका छौं । हामीलाई आंशिकको शिक्षकको ट्याग लगाएर विभेद गरिन्छ । हामीसँग पढाएको पारिश्रमिक नपाएको अनुभव पनि छ । कहिलेकाही हामीले पाउनुपर्ने भन्दा आधा पारिश्रमिकमा पनि काम गरेको छौं । आंशिक प्राध्यापकहरूको श्रम शोषण भएको छ । आफ्नो पसिनाको मूल्य माग्दा पनि तिमीहरु आंशिक प्राध्यापक हो प्रशासनले जाँउ भनेपछि जति वेला पनि हटन सक्छौ भनेर डर देखाइन्छ । योग्यता, पढाउने तरिका, प्रयोग गर्ने शिक्षण विधि, अनुसन्धानमा संलग्न कार्य र विश्वविद्यालयमा गर्ने अन्य काम एउटै भए पनि अपमानित हुनुपर्ने अवस्था छ । फरक यति मात्र होकी पूर्णकालिन प्रध्यापकले पुरै तलव पाउँछन भने आंशिक प्राध्यापकले पढाएको पिरियडको मात्र पारिश्रमिक पाँउछन् । जसलाई अतिरिक्त पारिश्रमिक भन्ने गरिन्छ । क्याम्पस प्रशासनले आंशिक प्रध्यापकलाई आफ्नै पकेटबाट पैसा दिएजस्तो व्यवहार गरिन्छ । सवै विश्वविद्यालयका इतिहास हेर्ने हो भने आंशिक, करार, स्थायी हुँदै पदाधिकारी सम्म पुगेको देखिन्छ । आंशिक प्रध्यापकलाई गरिएको व्यवहार निन्दनीय छ । प्रागिक जस्तो मर्यादित थलोमा पनि आंशिक प्राध्यापकको नाममा अपमानित हुनु पर्ने विडम्वना छ । एक दसक भन्दा बढी आंशिक प्राध्यापक रुपमा काम गरिसकेकोले छोडेर जान पनि मन मान्दैन । आफुले छोडेर गए राजनीति दलको आडमा भर्खर भर्ना भएकाहरुको झन हालीमुहाली हुन्छ कि जस्तो लाग्छ ।

एउटा आंशिक शिक्षकको माथि उल्लेखित भनाई र अनुभवले के देखाउँछ भने शिक्षकहरू राजनीतिक दल, सरकार वा विद्यमान शैक्षिक संरचनाबाट मात्र अपहेलित र अपमानित भएका छैनन स्वयं संलग्न शिक्षण संस्था र सहपाठीहरूबाट पनि अपमानित भैरहेका छन । एकातिर राज्यले राहत शिक्षक र आंशिक प्राध्यापकका नाममा अपहेलित गरेको छ भने अर्कोतिर समाजमा पनि शिक्षक प्रतिको धारणा नकरात्मक बन्दै गएको छ । यस्तो अवस्थामा शिक्षक मासिकका सम्पादक राजेन्द्र दाहालले शिक्षण पेशाको मर्यादा बढाउन अभियान नै चलाउनु पर्ने आवश्यकता औंल्याएका छन । यसका लागि उनले शिक्षकको पारिश्रमिक र मर्यादाक्रमबारे

पुर्नविचार गर्न सुझाएका छन (शिक्षक मासिक, २०७९) । शिक्षक र सार्वजनिक शिक्षण संस्थाहरुप्रति जनताको नकरात्मक भएको बेला निजि शिक्षालयहरूको विश्वसनीयता दिन प्रतिदिन बढदै गएको देखिन्छ । सार्वजनिक क्याम्पस र विद्यालयमा अध्यापन गराउर्ने शिक्षकहरुले पनि आफ्ना छोराछोरीलाई नीजि विद्यालयमा पढाउने गरेको तथ्यले पनि यसलाई पुष्टी गर्छ । २०५६ साल देखि नयाँ शिक्षक दरबन्दी सिर्जना नहुनु, शिक्षा मन्त्रालय परियोजना मै रमाउनु र शिक्षक सेवा आयोगले स्वायत्ततापूर्वक काम गर्न नसक्नुका कारण शिक्षण पेशामा दक्ष व्यक्तिको प्रवेश हुन पाएन । बरु राजनीतिक प्रयोजनका लागि विद्यालयमा अनेक थरीका शिक्षक राख्ने चलन चल्यो । राजनीतिक दलहरू निजी विद्यालय संचालकहरूको चंगुल भित्र छन् भन्ने आरोप पनि लाग्ने गरेको छ ।

**उपसंहार**

शिक्षा सुधारका लागि राजनीतिकरण गर्नुपर्ने सवालहरू दिनप्रतिदिन बढदै गएपनि सरोकारवालहरूको नजर अन्दाजका कारण विद्यालय शिक्षा र उच्च शिक्षाले क्षति व्यहोरीरहेको छ। सार्वजनिक वा सामुदायिक शिक्षाको गुणस्तर खस्कदै गएको छ । यसको परिणामस्वरुप सामुदायिक विद्यालय प्रतिको आकर्षण घटदै गैरहेको छ । शिक्षण पेशा रोजाइको विषय नभएर कुनै अवसर नपाउँदा अन्तिममा बाध्यताले सम्मिलित हुने विकल्प बनेको देखिन्छ । यस्तो अवस्थामा आउनुका पछाडि शिक्षण संस्थाहरू भित्र दलियकरणको चरम अभ्यास पनि एक कारण हो । शिक्षक विद्यार्थी र शैक्षिक प्रशासनका कर्मचारीहरू राजनीतिक दलका भातृ संस्थाहरूमा विभाजित छन। यि राजनीतिक दलका भातृ संस्थाहरूले शिक्षण संस्थामा गर्ने गतिविधिहरूलाई शिक्षाको राजनीतिको रूपमा भ्रम छरिएको छ । यस्ता गतिविधिहरूले शिक्षाको राजनीति छायामा परेको देखिन्छ । शिक्षण संस्था भित्र दलियकरणको अभ्यासले शिक्षाको राजनीतिलाई पनि नकरात्मक प्रभाव पारेको छ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले उच्च शिक्षाको जिम्मा विश्वविद्यालय अनुदान आयोग (यु.जी.सी.) लाई दिएर आफूले विद्यालय शिक्षाको मात्र जिम्मा लिएको भन्ने आवाजहरु उठेका छन् । विद्यालय शिक्षा र उच्च शिक्षा बीच खासै समन्वय भएको देखिदैन । सामुदायिक विद्यालय र क्याम्पसहरूमा शिक्षाको गुणस्तर दयनिय बन्दै गएकोबेला संस्थागत वा निजि विद्यालयहरूले भने शैक्षिक गुणस्तर कायम गरेको देखिन्छ । विद्यालय वर्षभरी कम्तिमा २२० दिन खुल्नु पर्ने प्रावधान भएपनि राजनीतिक दल तथा तिनका भातृ संगठनहरूले गर्ने विरोध जुलुस, हडताल, ताला बन्दीका कारण सामुदायिक विद्यालय बर्षभरीमा मुस्कीलले ९० दिन सम्म मात्र खुल्ने गरेको तथ्यहरू बाहिरिएका छन । संस्थागत वा नीजि विद्यालयमा यस्ता गतिविधि निषेध छन । उनिहरूले नियमित कक्षाका अतिरिक्त समय दिएर अध्यापन गर्ने गरेको देखिन्छ । यि तथ्यहरूले के पुष्टी गर्दछन भने सामुदायिक विद्यालय र क्याम्पस वा विश्व विद्यालयमा शिक्षाको गुणस्तर कम्जोर हुनुमा दलियकरण वा राजनीति दलका भातृ संस्थाका गतिविधि नै जिम्मेवार छन । शिक्षक यूनियनहरुको अनावश्यक राजनीतिले सार्वजनिक शिक्षालयहरू भित्र झाँगिदै गएको दलियकरणले सार्वजनिक विद्यालयमा शिक्षाको गुणस्तर खस्कने र नीजि विद्यालय र क्याप्पसहरूको उन्नति, प्रगति हुँदै गएको देखिन्छ । शिक्षाको गुणस्तर पनि निजि विद्यालय र क्याम्पसहरूमा राम्रो देखिन्छ । सार्वजनिक शैशिक संस्थामा भएका दलका भातृ संगठनका गतिविधि र दलियकरणको अभ्यास नीजि विद्यालय र क्याप्पसहरूमा देखिदैन । त्यसकारण बि.स.२०४६ साल पछि शिक्षकहरूको दलगत राजनीतिमा भएको संलग्नता सार्वजनिक विद्यालय शिक्षाको गुणस्तरमा नकरात्मक असर पार्ने तथ्य हो ।

विद्यालय शिक्षा सम्बन्धि कानूनलाई संसोधन र एकिकरण गर्न हालै संघीय संसदमा शिक्षा विधयेक पेश भएको छ । शिक्षाको गुणस्तर सुनिश्चित गर्न शिक्षक र शिक्षण पेशाको मर्यादा बढाउन सघाउने कानून निर्माण गर्न जरूरी भैसकेको बेला यो विधयेक आएको छ । शिक्षण पेशा दलियकरणको प्रभावमा भएको बेला यस पेशालाई सुरक्षित अवतरण गर्ने प्रावधान अव बन्ने कानूनमा सुनश्चित हुनुपर्छ । शिक्षाको राजनीतिले पनि अपमानित शिक्षक र अमर्यादित शिक्षण पेशाको सवाललाई सम्बोधन गरिनुपर्छ । यि एजेन्डालाई स्थापित गर्नुपर्छ । शिक्षाको राजनीतिको अहिलेको कार्यभार शिक्षक र शिक्षण पेशालाई मर्यादित बनाउने हो । शिक्षाको राजनीति दलियकरणको प्रभावमा रहन हुदैन । राहत शिक्षक र आंशिक प्राध्यापकको रूपमा लामो समयदेखि काम गर्नुपर्ने बाध्यात्मक अवस्थाले उनिहरूमा मनोबैज्ञानिक असर परेको पाइएको छ । शिक्षा जस्तो पवित्र कुरा सिकाउने शिक्षक आफै शोषणको शिकार भएको तथ्य विडम्बना हो । शिक्षकको आधारभूत

आवश्यकताको अतिरिक्त थप सुविधाको व्यवस्था गरी विद्यालय वा क्याम्पस शिक्षक मैत्री बनाउनु पर्छ । त्यसपछि मात्र शिक्षण पेशामा योग्य र दक्ष व्यक्तिका साथै युवाको आकर्षण बढ्छ । शिक्षक एकैपटक बनेर आउदैन, यो त बन्दै जान्छ । शिक्षकका लागि निरन्तर क्षमता अभिबृद्धिका लागि तालिमको व्यवस्था गरिनु पर्छ । शिक्षक नै विषयवस्तुमा कमजोर भएपछि शैक्षिक गुणस्तर कमजोर हुनु स्वभाविक हो । यस्तो अवस्थामा उनिहरूको मनोवल बढाउने काम गरिनुपर्छ ।

**सन्दर्भ सामाग्रीहरू**


कार्की, बाबुकाजी (२०७७), शिक्षार राजनीति । https://educationpati.com/babukajikarkibichar/

घले, सागर. (२०८१), बहसको केन्द्रमा शिक्षक राजनीति । https://dayitwabodh.com/news/detail/160201/

घिमिरे, सुरेन्द्र (२०७८), शिक्षण पेसामा सन्तुष्टि र शैक्षिक गुणस्तरको विश्लेषण : नेपालका सामुदायिक विद्यालय शिक्षकको अध्ययन । विकासको निम्ति शिक्षा २०७८, वर्ष ४५, अङ्क २५

पन्त, विजय कुमार. (२०८१), शिक्षक र राजनीति । https://www.mirmireonline.com/2024/04/23/255155/

पाण्डे, मिलन (२०७८) शिक्षामा राजनीति होइन, शिक्षाको राजनीति गरौं https://www.nayapatrikadaily.com/news-details/84026/2022-04-08

पौडेल, आनन्द (२०७६). शिक्षकको पेशागत विकास सिद्धान्त, अभ्यास र चुनौती, शिक्षक मासिक, कार्तिक १, २०७६ ।

पौडेल, नगेन्द्र (२०७९). मर्यादित शिक्षण पेशा । https://gorkhapatraonline.com/authors/garakhapatara-analina

बोहोरा, राम बहोरा (२०७७). गुरू पूर्णिमा र गुरूको महत्व ।

भट्ट, तिर्थराज (२०७९). नेपालको शिक्षा प्रणालीमा राजनीतिको प्रभाव, पश्चिम प्रेस

मिश्र, चैतन्य (२०७१). शिक्षामा चाहिएको राजनीति ।

राई, नुनुता (२०७८). दुई हजार आंशिक प्राध्यापकः त्रिविको टाउको दुखाइ । https://www.onlinekhabar.com/2021/08/998472

राई, राजकुमार (२०७८) शिक्षणः एक आदर्श पेशा https://www.samayojankhabar.com/2021/05/23/29118/

रावत, कुमार (२०७७). त्रिविका आंशिक प्राध्यापकको तलब ८ हजार । https://rajdhanidaily.com/id/30650/

लामिछाने, रमेश (२०७५). शिक्षकको अगाडि कहिले सम्म 'राहत' ? https://www.edukhabar.com/news/13231

शर्मा, चिरञ्जीवी र शर्मा, निमर्ला (२०७०), शिक्षका आधारहरू, काठमाण्डौंः एम. के.पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

शिक्षक मासिक (२०७९). शिक्षण पेशाका चुनौतीः घट्ने भन्दा बल्भिने बढी ।

शिक्षा, विज्ञान तथा प्रविवध मन्त्रालयको (२०७९). विद्यालय शिक्षामा स्रोत साधनको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरीवेक्षणको व्यवस्थाका लागि तयार पारिएको प्रतिवेदन ।

सापकोटा, भीमप्रसाद (२०७६). शिक्षण पेसा किन तिरस्कृत? नागरिक दैनिक ।

ज्ञवाली, हरि (२०८०) निजी विद्यालयलाई सिध्याउने कि सच्याउने ? https://www.onlinekhabar.com/2023/08/1347209/